# पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाफाँट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०७९/०८०
च.नं. ११८६

मितिः- २०८०/०२/०१

श्री सामुदायिक विद्यालयहरु सबै,
पाणिनी गाउँपालिका,अर्घाखाँची ।

**विषयः- अनुदानका लागि प्रस्तावना पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयका सम्बन्धमा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं ९.३ को शैक्षिक कार्यक्रम अन्तर्गत यस पाणिनी गाउँपालिका भित्रका उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई सिकाइ सुदृढिकरण तथा विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान उपलब्ध गराउनका लागि विद्यालयको सिकाइ उपलब्धि थप वृद्धि गर्न र आफ्ना असल अभ्यासहरु न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई अनुभव आदानप्रदान गर्नका लागि प्रवर्तनात्मक क्रियाकलाप सहितको कार्य गर्ने गरी स्थानीय तह भित्रको सफल एउटा विद्यालयलाई एकमुष्ट रु २,००,०००/-अक्षरुपी दुई लाख रुपैया प्रोत्साहन स्वरुप अनुदान रकम दिने व्यवस्था रहे बमोजिम यस सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र तपसिलका कुराहरुको मापदण्ड बमोजिमको मूल्यांकन गरिने भएकोले सो खुल्नेगरि प्रचलित नियम र मापदण्ड अनुसारको प्रस्तावना आवश्यक कागजात सहित यस कार्यालयको शिक्षा,युवा तथा खेलकुद शाखामा पेशगर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः-

| क्र.सं. | विवरण | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | कक्षा-८ को नतिजा | ३० | |
| २ | कक्षा-१० को नतिजा | १० | |
| ३ | कक्षा -१२ को नतिजा | ५ | |
| ४ | शिक्षक उपस्थिति | ५ | |
| ५ | सिकाइ उपलब्धि | १० | |
| ६ | विद्यार्थीले कक्षा छाड्ने र दोहोर्याउने दर | ५ | |
| ७ | शिक्षक स्टाफ बैठक | ५ | |
| ८ | शिक्षक विद्यार्थी अनुपात | १० | |
| ९ | विद्यालयले सिकाइ उपलब्धिमा थप वृद्धि गर्न र आफ्ना असल अभ्यासहरु न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई प्रवर्तनात्मक क्रियाकलापसहितको प्रस्ताव | ५ | |
| १० | विद्यार्थी संख्या | १५ | |
| | जम्मा | १०० | |

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**-श्री सूचना तथा प्रविधि शाखाः- गाउँपालिकाको वेभसाइट अपलोड गरिदिनुहुन ।

उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढिकरणका लागि प्रोत्साहन अनुदान छनौटको लागि मापदण्ड तथा आधारहरु

| क्र.सं. | विवरण | पूर्णाङ्क | आधारहरु | कै |
|---|---|---|---|---|
| १ | कक्षा-८ को नतिजा | ३० | पछिल्लो शैक्षिक शत्रको रिजल्ट अनुसार औषत सिकाइ उपलब्धी ७०% भन्दा माथि भएमा ३० अङ्क,(६०-७०%)भएमा २५ अङ्क,५०-६०% भएमा २० अङ्क, ४०-५०% भएमा १५ अङ्क र ४० भन्दा कम सिकाइ उपलब्धि भएमा १० अङ्क | Iemisको कक्षा ८ को नतिजा अनुसार हुने |
| २ | कक्षा-१० को नतिजा | १० | पछिल्लो SEE मा सामेल विद्यार्थी संख्या मध्ये औषतमा ३ gpa सम्म सिकाइ उपलब्धि भएमा १० अङ्क, २.५ gpa सम्म भएमा ७ अङ्क र सो भन्दा कम भएमा ५ अङ्क | माध्यमिक शिक्षा परीक्षा अनुसार |
| ३ | कक्षा-१२ को नतिजा | ५ | पछिल्लो कक्षा १२ मा सामेल विद्यार्थी संख्या मध्ये औषतमा ३ gpa सम्म सिकाइ उपलब्धि भएमा ५ अङ्क, २.५ gpa सम्म भएमा ३ अङ्क र सो भन्दा कम भएमा २ अङ्क | राष्ट्रिय परीक्षा बोर्डको रिजल्ट अनुसार |
| ४ | शिक्षक उपस्थिति | ५ | विद्यालय खुलेको दिन अनुसार औषत ९५% भन्दा बढी दिन शिक्षक उपस्थिती भएमा ५ र सो भन्दा कम भएमा ३ अङ्क | विद्यालयको हाजिरी रजिष्टर अनुसार प्र.अ. ले उपस्थिती प्रमाणित गरी पठाउने। |
| ५ | सिकाइ उपलब्धि | १० | कक्षा ३,५ र ८ को गणित विषयको औषत सिकाइ उपलब्धि पालिकाको औषत सिकाइ उपलब्धि भन्दा बढी भएमा १० र कमी भएमा ५ अङ्क | पालिकामा पेश गरेको सिकाइ उपलब्धी अनुसार |
| ६ | विद्यार्थीले कक्षा छाड्ने र दोहोर्याउने दर | ५ | कक्षा छाड्ने दर शुन्य भएमा २.५ र कक्षा दोहोर्याउने दर ५ प्रतिशत भन्दा कम भएमा २.५ गरी जम्मा ५ अङ्क | प्र.अ. बाट सोको विवरण प्रमाणित प्रतिलिपी |
| ७ | शिक्षक स्टाफ बैठक | ५ | प्रति मासिक स्टाफ बैठक बापत ०.५ का दरले बढिमा ५ अंक प्रदान गरिने | एक शैक्षिक सत्रमा शिक्षक स्टाफ बैठकको संख्या यकिन गरी प्र.अ बाट प्रमाणित प्रतिलिपि पेश गर्ने |
| ८ | शिक्षक विद्यार्थी अनुपात | १० | शिक्षा ऐन तथा नियमावली अनुसारको शिक्षक विद्यार्थी अनुपात भन्दा बढी भएमा १० र सो भन्दा कमी भएमा ५ अङ्क | |
| ९ | विद्यालयले सिकाइ उपलब्धिमा थप वृद्धि गर्न र आफ्ना असल अभ्यासहरु न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई प्रवर्तनात्मक क्रियाकलापसहितको प्रस्ताव | ५ | प्रस्तावनाको आधारमा | कार्यालयले अंकन गर्ने |
| १० | विद्यार्थी संख्या | १५ | iemis अनुसार १५० सम्म विद्यार्थी भएमा ५ अङ्क,२०० सम्म भएमा १०, २५० भन्दा माथि भएमा १५ अङ्क | २०७९ सालको iemis मा अध्यावधिक विद्यार्थी संख्याको आधारमा |
| जम्मा | | १०० | | |

पाणिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गाकाँट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत